[illegible]

खाना र न्यानो कपडा वितरण

प्रतिक्षा [illegible]

बुटवल, [illegible] पुस।

लायन्स क्लब अफ बुटवल देउरालीले [illegible] सेवा आश्रममा आश्रितलाई खाना खुवाउनुका साथै विद्यार्थीहरूलाई न्यानो कपडा वितरण गरेको छ। क्लबले लायन्स [illegible] [illegible] [illegible] [illegible] अवसरमा आश्रमका [illegible] [illegible] एक [illegible] खाना खुवाएको क्लबका अध्यक्ष [illegible] [illegible] बताए। कार्यक्रममा लायन्स [illegible] डिस्ट्रिक्ट [illegible] का पूर्व [illegible] डिस्ट्रिक्ट डेपुटी चिफ [illegible] [illegible], [illegible] का [illegible] चिफ [illegible] [illegible], [illegible] [illegible] [illegible] सेवा आश्रमका अभिभावक [illegible] बहादुर [illegible] [illegible] क्लबले गरेको [illegible] [illegible] गरेका थिए। क्लबका [illegible] अर्जुन पाण्डेले आफ्नो [illegible] [illegible] [illegible] [illegible] पिता [illegible] पाण्डेको स्मृतिमा कार्यक्रमको सम्पूर्ण खर्च सौजन्य गरेका थिए। कार्यक्रमको संयोजन [illegible] पौडेलले गरेका थिए।

यस्तै क्लबले तिलोत्तमा नगरपालिका-५ बसियारी टोलमा [illegible] अन्तर्गत पर्ने [illegible] आधारभूत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ। क्लबले शिशु कक्षा देखि कक्षा ५ सम्मका १०५ जना विद्यार्थीलाई स्वीटर वितरण गरेको क्लबका अध्यक्ष पौडेलले बताए। क्लबका द्वितीय उपाध्यक्ष [illegible] [illegible] सञ्चालन भएको कार्यक्रममा लायन्स क्लबका चिफ डिस्ट्रिक्ट [illegible] [illegible] [illegible] सामाजिक कामलाई निरन्तरता दिन शुभकामना दिएका थिए। कार्यक्रम संयोजक [illegible] [illegible] स्वागतमा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक [illegible] पाठक र अभिभावक संघका अध्यक्ष पूर्णप्रसाद आचार्यले क्लबले वितरण गरेको न्यानो कपडाले जाडो मौसममा विद्यार्थीलाई राहत पुगेको बताए। - प्रतिनिधि

'वाटर डिस्पेन्सर' हस्तान्तरण

भैरहवा, २९ पुस। (गौबुस)

लायन्स क्लब अफ सिद्धार्थनगर लेडी बुद्धले विद्यालयलाई हट एण्ड कोल्ड वाटर डिस्पेन्सर हस्तान्तरण गरेको छ। लायन्सका संस्थापक प्रेसिडेन्ट ओमको ९४ औं जन्मोत्सवको अवसर पारेर क्लबले सिद्धार्थनगर-२ स्थित श्री बरिश बाल माध्यमिक विद्यालयमा वाटर डिस्पेन्सर हस्तान्तरण गरेको अध्यक्ष तनु शर्मा कर्णधरले बताइन्। विद्यालयको आवश्यकतालाई मध्यनजर गर्दै उक्त सामग्री हस्तान्तरण गरिएको उनले बताइन्। कार्यक्रममा बोल्दै प्रमुख अतिथि लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ बी २ नेपालका डिष्ट्रिक एक्जुकेटिभ चिफ महेशचन्द थापाले लायन्स सिद्धार्थनगर लेडी बुध सामाजिक क्षेत्रमा क्रियाशिल भइ महत्वपूर्ण कार्य गरेको बताए। त्यस्तै डिष्ट्रिक डेपुटी चिफ विजय पाण्डे, सिद्धार्थनगर-२ का वडा सदस्य राजेन्द्र सिंह खड्का, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शारदा श्रेष्ठ, सदस्य खगराज पाण्डे, प्रधानाध्यापक भीम बहादुर थापा लगायतले बोलेका थिए।

उन्नति सहकार्यको सातौं वार्षिक साधारण सभा सम्पन्न

गौतमबुद्ध सन्देश

भैरहवा, २९ पुस।

उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड भैरहवा रुपन्देहीले सातौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ। संस्था सञ्चालक समिति अध्यक्ष अनिता [illegible] शाहको अध्यक्षता र संघीय सांसद तथा संस्थाका संस्थापक अध्यक्ष प्रेम कुमार शाहको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सातौं वार्षिक साधारण सभाले १ वटा साधारण प्रस्ताव र [illegible] ५ वटा विशेष प्रस्तावहरू पारित गरेको छ।

भैरहवामा भएको संस्थाको सातौं साधारण सभाले ३ वटा विशेष प्रस्तावहरू अध्यक्षद्वारा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७७/७८ सालको वार्षिक प्रतिवेदन, लेखा परीक्षणको प्रतिवेदन, लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिकको विषयमा राखिएको प्रस्तावलाई पारित गरेको छ।

त्यसैगरी २०७८ असार मसान्तसम्म कायम रहेको चुक्ता पुँजीको २० प्रतिशत बोनस शेयर स्वीकृत गर्ने, विशेष प्रस्तावको १ नम्बर बमोजिम बोनस शेयर बाँडफाँड बमोजिम सेयर स्वामित्व अनुपात ३० प्रतिशत कायम गर्न आवश्यक १ करोड ७८ लाख ४५ हजार १ सय रुपैयाँ बराबरको सर्वसाधारणलाई धितोपत्रको थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक अफ रिङ्ग) जारी गर्ने, विशेष प्रस्तावको बुँदा नम्बर १ र २ बमोजिम बोनस शेयर बाँडफाँड पश्चात तथा थप सार्वजनिक निष्काशन जारी पश्चात पुँजी वृद्धि गरी जारी तथा चुक्ता पुँजी २४ करोड ६८ लाख ६५ हजार ७ सय ९५० करोड रुपैयाँ अधिकृत पुँजी कायम गरी सोही अनुसार नियमावली र प्रबन्धपत्रमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गरेको छ।

त्यस्तै, प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने, सञ्चालकको भत्ता तथा सुविधा वृद्धि गर्ने, भविष्यमा वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई गाभ्ने वा गाभिने प्रयोजनार्थ उपयुक्त देखिएमा सोसँग सम्बन्धित आवश्यक सम्पूर्ण काम कारवाही अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण रुपमा अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सातौं वार्षिक साधारण सभाले पारित गरेको छ।

संस्थाका नायब प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव नारायण अधिकारीको सञ्चालन र संस्थाका सञ्चालक समिति सदस्य खिलराज मैनालीको स्वागत मन्तव्यसँगै सुरु भएको सातौं वार्षिक साधारण सभामा संस्थाका प्रमुख कार्यकारी अधिकृत प्रेम बहादुर पाठकले संस्थाको भावी रणनीति र वर्तमान अवस्थाको बारेमा आफ्नो प्रतिवेदन प्रस्तुत गरेका थिए। भावी रणनीतिहरु प्रस्तुत गर्ने क्रममा प्रमुख कार्यकारी अधिकृत पाठकले संस्थालाई उदाहरणीय लघुवित्त वित्तीय संस्थाको रुपमा विकास गर्न हरसम्भव प्रयासरत रहिरहेको बताए। उनले आवश्यक स्थानहरुमा थप शाखा सञ्जालहरु वृद्धि गर्ने, सेवाग्राहीहरुको संख्या वृद्धि, डिजिटल दूर नियन्त्रण/अनुगमन प्रणाली परीक्षण स्वरुप केन्द्रय कार्यालय लगायत, प्रादेशिक कार्यालय र अन्य शाखा कार्यालयहरुमा समेत सिसिटिभी जडान गर्ने, पेपर लेस संस्थाको रुपमा विकास गर्ने, रियल टाईम बेसिसमा कार्यगर्ने व्यवस्थाको लागि क्यूआर कोड, एसएमएस सर्भिस, मोवाईल बैंकिङ/ट्याबलेट रेकर्डिङ जस्ता आधुनिक प्रविधियुक्त सेवासुविधाहरूको विकास र विस्तार गर्ने, ग्राहक संरक्षण सिद्धान्तलाई अवलम्बन गर्दै ग्राहक अभिभावकको आर्थिक कारोबारको विषयमा सिधै संस्थाको वेबसाईटमार्फत नायब प्रमुख कार्यकारी अधिकृत र जनशक्ति व्यवस्था विभागसँग सम्पर्क गरी गुनासो राख्न सक्ने व्यवस्था कार्यान्वयनमा ल्याउने बताए।

हाल १७ करोड ६१ लाख ६९ हजार ७ सय रुपैयाँ चुक्तापुँजी रहेको संस्थाको अधिकृत पुँजी ३० करोड रुपैयाँ पुगेको छ भने २ अर्ब ३२ करोड ३४ लाख ७ हजार एक सय २९ रुपैयाँ कर्जा लगानी १४ करोड ४६ लाख ९२ हजार ६ सय ५० रुपैयाँ निक्षेप संकलन गरेको संस्था राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो। जसका अधिराज्यभरका २८ जिल्लाहरुमा ८२ वटा शाखा सञ्जालहरु रहेका छन् भने ३०५ जनाले प्रत्यक्ष रोजगार पाएका छन्।

Invitation for Bids

सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची

सिलवन्दी दरभाउपत्र आह्वान

प्रथम पटक प्रकाशित मिति २०७८/९/३०

सन्धिखर्कनगरपालिका, नगर कार्यपालिका, सन्धिखर्क अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमको आपूर्ति कार्यको लागि सिलबन्दी दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त आपूर्ति कर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउ आह्वान गरिन्छ।

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहमा आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको सन्धिखर्क स्थित **राष्ट्रिय बाणिज्य बैंक सन्धिखर्क शाखामा रहेको आन्तरिक आय खाता हि.नं.३०५००३०१०१०००२** खातामा नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट मिति २०७८/१०/१४ गते कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. खरिद भएको दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नु पर्ने सबै विवरणहरु प्रष्टसँग लेखि मिति २०७८/१०/१६ गते १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु नियमानुसार यसै कार्यालयमा मिति २०७८/१०/१६ गते १:०० बजे खोलिनेछ।

३. सिलबन्दी दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी बापतको रकम यस कार्यालयको सन्धिखर्क स्थित **राष्ट्रिय बाणिज्य बैंक ३०५००३०३००००२** खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको बिडबण्ड दरभाउपत्र नियमानुसारको **म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड)** को सक्कल प्रति पेश गर्नुपर्नेछ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा बिदापछि कार्यालय खुलेको दिन हुनेछ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ। साथै दरभाउपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहेन छ।

६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र **९८५७०७८१११/९८५७०६३१७१/९८५७०२९५९९** मा सम्पर्क गर्न वा sandhikharkamunicipality@gmail.com मा पठाउन सकिनेछ।

७. आपूर्ति गर्ने सामानको विवरण दरभाउपत्र खरिद दस्तुर, लागत रकम, बिडबण्ड रकम, मान्य अवधिको विवरण निम्न अनुसार छ।

तपशिल

ठेक्का नं	ठेक्काको नाम	दरभाउपत्र दस्तुर रु	लागत रकम (मू.अ.कर बाहेक)	बिडबण्ड रकम रु	बिडबण्ड मान्य अवधि
SQ/SM/G/P 16/2078/079	हाते औजारहरु	१०००।००	११५०२९५।००	३५०००।००	७५ दिन
SQ/SM/G/P 17/2078/079	सुरक्षा उपकरणका सामानहरु	१०००।००	९२९६८५०।००	२८०००।००	

सुचना

उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था लि.सि.न.पा. ७ र लुम्बिनी बहुउद्देशिय सहकारी संस्था लि.सि.न.पा.८ रुपन्देहि बिच एकिकरण भई आर्थिक मामिला तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशबाट सहकारी ऐन २०७६ को दफा १२ को उपदफा १ बमोजिम मिति २०७८।९।१९ गते श्री उत्कृष्ट लुम्विनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड सि.न.पा. ७ दर्ता भई आएकोले मिति २०७८।१०।१ गते बाट संयुक्त कारोबार संचालन हुने भएकाले सम्पूर्ण शेयर सदस्य ज्यूहरु तथा सरोकार वाला सबैमा जानकारीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

नोट : कार्यालय संचालन साविक उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था लि रहेको कार्यालयबाट संचालन हुने छ।

खिम बहादुर खत्री

अध्यक्ष

तदर्थ कार्य समिती

उत्कृष्ट लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.

सि.न.पा.७.फोन.नं. ०७-.५७३७२५

सधै सुख-शान्तिलाई ७ आधार

(१) जे जति नराम्रा छाड्नु छ र राम्रा पुरुषार्थ जो गर्नु छ, गरी हाल्नुपर्छ, किनकि शरीर भोलिसम्म नरहन पनि सक्छ। (२) तास जुवा आदि नखेल्नु। (३) चुरोट खैनी आदि नखानु। (४) हिंसारुप मासु, माछा, अण्डा नखानु। हत्या नगर्नु। तागतका लागि दूध, दही, पनिर, पिउ आदि खानु। (५) मादक पदार्थहरु नखानु, परस्त्री परपुरुषसंग अवैध सम्बन्ध नराख्नु। (६) गीताको सार-कर्म, भक्ति र ज्ञानपूर्वक परमात्माको अनुभव गरिरहनु। (७) यथार्थमा बरफमा पानी मात्र भए जस्तै संसारमा परमात्मा मात्र सत्य हो। परमात्मा हो- निरहंकार अद्वैतपूर्वक, सदाशुद्ध आफू- ब्रह्मरुपले अखण्ड सुख' को अनुभव गरिरहनु।

''अद्वैत प्रदीप'' बलराम जी.सी.सरस्वती

अध्यक्ष

अखण्ड सुख केन्द्र, भैरहवा, नेपाल

सम्पर्क :९८४७०२०७१८



गौतमबुद्ध मिडिया प्रा.लि. द्वारा प्रकाशित गौतमबुद्ध सन्देश दैनिकका लागि अध्यक्ष : खिम बहादुर खत्री, कार्यालय प्रमुख : बिष्णु प्रसाद भट्टराई, सम्पादक : कुलमणि ज्ञवाली, सह-सम्पादक : रविन्द्र प्रताप गुप्ता
प्रधान कार्यालय : सि.न.पा.-७ भैरहवा, रुपन्देही, फोन नं.:०७१-५७४३३०, Email: gbsnews7@gmail.com (समाचार), gbsadd2018@gmail.com(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल

Scanned with CamScanner